इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यलय
इटहरी, सुनसरी

**२०७५ असोज ३ गते पर्ने संविधान दिवस भव्यता पूर्वक सम्पन्न गर्न निम्नानुसारको कार्यक्रमहरु गर्ने निर्णय गरियो ।**

१. असोज २ गते इटहरी स्थित सम्पूर्ण सरकारी कार्यालय,संघ संस्थाहरुले आ-आफ्नो कार्यालय वरपर सरसफाई गर्ने ।

२. असोज ३ गते विहान ७ बजे न.पा. प्राङ्गणमा भेला भई नौमती बाजा, नेपाली सेनाको ब्याण्डबाजा, सशस्त्र प्रहरीको ब्याण्डबाजा, ब्यानर र प्लेकार्ड सहित प्रभातफेरी गर्ने ।

**प्रभातफेरीको रुट**

क. न.पा.बाट सुरु गरी इलाका प्रहरी कार्यालय हुदै दक्षिण तर्फ हटियालाईन, बुद्धचोक, गोल्डेन चोक, वि.पि.चोक, नयाँ बजारको बाटो हुदै पूर्व पश्चिम लोकमार्गबाट पूर्व तर्फ मूख्य चोकबाट उत्तरतर्फ नेपाल बैंक पुगी दक्षिणतर्फ मूख्य चोकबाट पूर्व न.पा. गेट अगाडी समापन ।

३. असोज ३ गते ११ बजे उद्योग बाणिज्य संघ इटहरीको सभाकक्षमा **"राम्रो संविधानको रुपमा नेपालको संविधान"** भन्ने बिषयमा क्षेत्रगत रुपमा छनौट भई आएका प्रतियोगीहरु मध्येको बक्तृत्वकला प्रतियोगिता ।

४. असोज २ गते देखि ४ गते सम्म प्रत्येक दिन साँझ सरकारी कार्यालयहरुमा दिपावली गर्ने ।

५. असोज ३ गते साँझ राजनितिकदलका नेता कार्यकर्ता, उद्योगी व्यवसायी, सामाजिक संघ संस्थाहरु लगायत आम नगरबासीहरुलाई आ-आफ्नो घरमा दिपावली गर्न आग्रह र अनुरोध गर्ने ।

६. असोज २ गते प्रत्येक वडा कार्यालयको समन्वयमा नजिकका विद्यालयहरुले सरसफाई गर्ने ।

७. असोज २ गते सय विद्यालय सय चोक सरसफाई कार्यक्रम संचालन गर्ने ।

८. असोज २ गते इटहरीका तीन स्थानमा **"राम्रो संविधानको रुपमा हाम्रो संविधान"** बिषयक अन्तर मा.वि. बक्तृत्वकला संचालन गर्ने ।

९. असोज ४ गते वडाध्यक्ष, कार्यपालिका सदस्य र न्यायीक समितिका पदाधिकारीहरुलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन गर्ने ।